# नेपाल सरकार
# रक्षा मन्त्रालय

मितिः २०८२/०९/०६

## मन्त्रालयबाट सम्पादित कार्यहरूको मासिक प्रगति विवरण

**आ. व. २०८२/८३** **महिनाः मंसिर**

### क. प्रशासन महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १ | **कर्मचारी प्रशासन शाखा** | - नेपाल सरकारका मुख्य सचिवज्यूको अध्यक्षतामा मिति २०८२/०८/०१ गते बसेको सचिव बैठकबाट भएको निर्णयहरूको कार्यान्वयन प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित रुपमा पठाइएको,<br>- यस मन्त्रालयसँग सम्बन्धित नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको २०८२ कात्तिक मसान्तसम्मको कार्यान्वयन अवस्थाको प्रगति विवरण मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणाली (CDIMS) मा प्रविष्टि गरी प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- नेपाली सेनाबाट सिफारिस भईआएबमोजिम नियमित बढुवा, बिशेष बढुवा, सरुवा, पदावधि थप, नियुक्ति प्रदान, राजीनामा लगायत कार्यसम्पादन गरिएको (नियमित बढुवा ५ जना, बिशेष बढुवा २ जना, सरूवा १६ जना, पदावधि थप ४ जना, नियुक्ति प्रदान ९७ जना र राजीनामा ९ जना), |
| २ | **शासकीय सुधार तथा मानव संसाधन विकास शाखा** | - मन्त्रालयले नेपाली सेनातर्फ (सकलदर्जा) २८९ जना (तालिम, सेमिनार/कन्फरेन्स/वर्कसप/कार्यक्रम, खेलकुद, अध्ययन) को वैदेशिक भ्रमणको लागि मनोनयन गरिएको। साथै मनोनित उम्मेदवारका आश्रित परिवारका सदस्य ७ जनाको लागि भिसा समेत सिफारिस गरिएको, |

## ख. योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १ | **योजना तथा सैनिक कल्याण शाखा** | - Kathmandu-Terai/Madhesh Fast Track (KTFT) मा काम गर्नका लागि ७२ जना विदेशी नागरिकहरुको कार्य सहमति, ४३ जनाको गैह्र पर्यटक भिसा प्राप्तिका लागि अध्यागमन विभाग र ४७ जनाको श्रम इजाजतका लागि श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा सिफारिस गरिएको, <br> - रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूबाट आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित विभिन्न कार्यक्रम तथा आयोजनाहरूको प्रगति विवरण समेटी तयार गरिएको वार्षिक प्रगति पुस्तिका छपाईका लागि मुद्रण विभागमा पठाइएको, <br> - नेपालको संविधानको धारा २६६ को उपधारा ३ बमोजिम आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय सुरक्षा परिषद्बाट भएका निर्णय, सम्पादित प्रमुख कार्यहरुको विवरण एवम् अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय सुरक्षा विश्लेषण समावेश गरी तयार गरिएको आठौं वार्षिक प्रतिवेदन मिति २०८२ मंसिर २८ गते सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष मार्फत सम्माननीय राष्ट्रपति समक्ष पेस गर्ने कार्यमा सहजीकरण गरिएको, <br> - ग्रे लिस्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण,२०८२ विवरण सम्बन्धी पत्र अर्थ मन्त्रालयमा पठाइएको, |
| २ | **शान्ति सेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा** | - संयुक्त राष्ट्र संघको आह्वानमा विभिन्न देशमा शान्ति स्थापना कार्य तथा अन्य विविध तालिमहरुमा सहभागी हुनको लागि नेपाली सेनाबाट छनौट भई सिफारिस भएका जम्मा ७११ जना विभिन्न दर्जाको मनोनयन स्वीकृत र ६२५ जनाको विशेष राहदानी सिफारिस गरिएको, <br> - नेपाल र अमेरिकाबीच सैनिक सहयोग आदान प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न नेपाल र अमेरिकमा पालैपलो संचालन हुदै आईरहेको Land Force Talks (LFT) को छैठौ संस्करणको बैठक मिति २०८२/०८/०३ गतेदेखि ऐ. ०५ गते (तदनुसार १९-२१ November २०२५) सम्म नेपाली सेनाका उपरथी श्री पवन राज घिमिरेको नेतृत्वमा १४ सदस्यीय टोलीको सहभागितामा काठमाडौंमा आयोजना गर्न तथा उक्त बैठकमा छलफल हुने एजेण्डा स्वीकृत गर्न |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | र बैठकको माइन्युटमा हस्ताक्षर गर्न नेपाली प्रतिनिधिमण्डलको टोली प्रमुखलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/०८/०२ को निर्णय बमोजिम सहमति प्रदान गरिएको, |
| ३ | **सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखा** | - सुरक्षा जर्नल २०८२ वर्ष ६ अङ्क १ को लागि लेख/रचना उपलब्ध गराउन विभिन्न लेखकहरुलाई पत्राचार र ४ जना लेखकहरुबाट प्राप्त लेखहरु सङ्कलन गरिएको,<br>- सुरक्षा जर्नल २०८२ वर्ष ६ अङ्क १ सम्पादक मण्डलको मिति २०८२/०८/१९ गते बैठक बसी प्राप्त ५ वटा नेपाली र ६ वटा अंग्रेजी लेखहरुमाथि छलफल गरी लेखहरु सम्पादन गर्ने गरी सम्पादक मण्डलका सदस्यहरुलाई बाँडफाँड गरिएको,<br>- राष्ट्रिय सूचना आयोगको सूचना माग गर्ने पोर्टल (https://rtims.gov.np/) बाट प्राप्त सूचना माग गर्ने निवेदकलाई मिति २०८२/०८/०९ मा सूचना उपलब्ध गराइएको,<br>- मन्त्रालबाट २०८२ कार्तिक महिनामा भए/गरेका कार्यहरु रहेको प्रगति विवरण तयार गरी मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) मा राखिएको,<br>- मन्त्रालयको महाशाखागत तथा शाखागत कार्यसम्पादन अवस्थाको कार्तिक महिनाको तथ्यांक (GIOMS रिपोर्टमा आधारित) तयार गरिएको,<br>- एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) को कार्यान्वयन अवस्थाको प्रगति विवरण सहित कार्यान्वयन भएको अवस्थामा देखिएका समस्या र सुझाव सङ्कलन गरी सूचना प्रविधि विभागलाई पत्राचार गरिएको,<br>- सरुवा भै आउनु भएका नयाँ कर्मचारीहरुको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) प्रयोगकर्ता सिर्जना, सेटअप, भूमिका व्यवस्थापन लगायत कार्य र Digital Signature सेटअप गर्ने कार्यमा आवश्यकता अनुसार सहजीकरण गरिएको,<br>- मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) नियमित अद्यावधिक गरिएको, |

## ग. कानून महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १ | **कानून तथा फैसला कार्यान्वयन शाखा** | - "सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८२" को मस्यौदामा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट परिवर्तित सन्दर्भमा पुनः अर्थ मन्त्रालयको राय/सहमति माग भए बमोजिम पुनः आवश्यक राय/सहमतिको लागि मिति २०८२/०८/०४ मा अर्थ मन्त्रालयमा पठाइएको र नेपाली सेनाबाट उक्त मस्यौदामा थप संशोधन प्रस्ताव गरिएकोमा एकमुष्ट राय तथा सहमति उपलब्ध गराइदिनको लागि मिति २०८२/०८/२१ मा अर्थ मन्त्रालयमा पठाइएको,<br>- "राष्ट्रिय सेवा दल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को मस्यौदामा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट परिवर्तित सन्दर्भमा पुनः अर्थ मन्त्रालयको राय/सहमति माग भए बमोजिम पुनः आवश्यक राय/सहमतिको लागि मिति २०८२/०८/०४ मा अर्थ मन्त्रालयमा पठाइएको,<br>- नेपाल सेनाका सैनिक व्यक्तिहरुको बढुवा, विशेष बढुवा, पदावधि थप, नियुक्ति, राजीनामा र निर्वाचन आचारसंहिता, २०८२ लगायत विषयमा कानूनी राय/परामर्श पेश गरिएको (१३ वटा),<br>- रिट निवेदनको लिखित जवाफ उच्च सरकारी वकीलको कार्यालय, पाटन र महान्यायधिवक्ताको कार्यालयमा पठाइएको (२ वटा), |
| २ | **मानव अधिकार अनुगमन तथा गुनासो व्यवस्थापन शाखा** | - हेलो सरकारबाट प्राप्त नेपाली सेनासँग सम्बन्धित ३ वटा गुनासोहरु गुनासो व्यवस्थापनका लागि नेपाली सेना जङ्गी अड्डामा लेखि पठाईएको,<br>- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयनसँग सम्बन्धित १ वटा पत्रको नेपाली सेनाबाट जवाफ प्राप्त गरि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाईएको,<br>- अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त नेपाली सेनासँग सम्बन्धित ४ वटा विषयका उजुरी तथा गुनासोहरु नेपाली सेना जङ्गी अड्डामा पत्राचार गरिएको,<br>- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग लगायतबाट प्राप्त ८ वटा पत्रहरू आवश्यक कार्यार्थ सम्बन्धित निकायमा पठाइएको, |

## घ. व्यवस्थापन महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १ | **आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखा** | - VVIP उडान (३ वटा), हेली उद्धार (४ वटा), सुरक्षा प्रबन्ध (३ वटा) लाई सहमति दिने सम्बन्धमा सम्बन्धित मन्त्रालय/निकायहरूसँग निरन्तर सहजीकरण गरिएको,<br>- ड्रोन उडानको लागि नेपाली सेनासँग २ (दुई) वटा कम्पनीको लागि राय माग गरिएको र २ (दुई) वटा कम्पनीलाई सहमति सम्बन्धमा सम्बन्धित मन्त्रालय/निकायहरूसँग निरन्तर सहजीकरण गरिएको,<br>- संवत् २०८२ साल फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको सुरक्षाको लागि रक्षा मन्त्रालयको प्रस्तावमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२/०८/०८ गते भएको निर्णय अनुसार सम्माननीय राष्ट्रपतिबाट नेपाली सेनाको परिचालन गर्न स्वीकृति भएबमोजिम नेपाली सेनालाई मिति २०८२/०८/१५ गते पत्राचार गरिएको, |
| २ | **आर्थिक प्रशासन शाखा** | - आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिकको आन्तरिक लेखापरीक्षण मिति २०८२/०८/२४ मा सम्पन्न भएको ।<br>- २०८२ मंसिर महिनासम्म चालु खर्च २९.४९% र पुँजीगत खर्च ५.६६% भएको, |
| ३ | **खरिद व्यवस्थापन शाखा** | - विभिन्न ११ जलविद्युत आयोजना तथा १ उद्योगका लागि आवश्यक विष्फोटक पदार्थको खरिद/आयात, ढुवानी, भण्डारण तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालयमा राय/प्रतिक्रिया उपलब्ध गराउनुका साथै आवश्यक सहजीकरण गरिएको,<br>- नेपाली सेनासँग सम्बन्धित विभिन्न सामग्री आयात गर्दा भन्सार महशुल छुटका लागि सम्बन्धित निकायहरूमा सिफारिस गरिएको (५ वटा), |